
परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक



समाचार पृष्ठ ३ मा

चार दशक पुरानो यादव निधि सम्बन्ध विच्छेद

वर्ष : २ अंक : १६० पृष्ठ ४ २०८० मंसिर १४ गते, बिहिबार 30 Nov., 2023 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## रास्वपामा डा. वाग्ले उपसभापति, १२ सदस्यीय सचिवालय



● टक नेपाल

काठमाडा । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले डा. स्वर्णिम वाग्लेलाई पार्टी उपसभापतिमा मनोनयन गरेको छ। महोत्तरीको जलेश्वरमा तीन दिनसम्म बसेको पार्टीको संसदीय दल र केन्द्रीय समितिको संयुक्त बैठकले निर्णय गरी वाग्लेलाई उपसभापति मनोनयन गरेको नेता मुकुल ढकालले जानकारी दिए। यस्तै उनका अनुसार बैठकले १२ सदस्यीय पार्टी सचिवालय पनि गठन गरेको छ। साथै तीन सहप्रवक्ता थप गरेको छ । मनिष झा, प्रतिभा रावल, र रमेश प्रसाईंलाई पार्टीको सहप्रवक्ता मनोनयन गरेको नेता ढकालले जानकारी दिए। अनिल केशरी शाह, राजन गौतम, डा.नन्दन यादव, पुकार बम र कामिनी चौधरीलाई केन्द्रीय सदस्यमा मनोनयन गरिएको छ । यस्तै पार्टीका तर्फबाट प्रतिनिधिसभाका सबै सांसदलाई पनि रास्वपाले पार्टीको केन्द्रीय सदस्यमा मनोनयन गरेको छ । यी निर्णयसँगै रास्वपाको संसदीय दल र केन्द्रीय सदस्यको तीन दिने संयुक्त बैठक बुधबार साँझ समापन भएको छ ।

## सबै धर्मको सम्मान आवश्यक छ : पूर्व राष्ट्रपति यादव



● टक नेपाल

जनकपुरधाम। पूर्व राष्ट्रपति डा. रामवरण यादवले समाजमा सबै धर्मको सम्मान आवश्यक भएको बताउनुभएको छ। सधैं धर्मका मानिस मिलेर बसेमात्र समाज रूपान्तरण हुने उहाँको भनाइ छ। मधेश प्रदेशको राजधानी जनकपुरधाम उपमहानगर पालिका-१४ मुजेलियामा बुधबारदेखि सुरु भएको श्री १०८ शिवशक्ति महायज्ञको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो। जुन ठाउँमा मान्छे मिलेर बस्दैन, त्यहाँ झैझगडा बाहेक केही नहुने उहाँले बताउनुभयो। इजरायलमा मुस्लिम र यहुदी धर्म मान्नेहरुविचमा अहिले लडाइ जारी रहेको चर्चा गर्नुभयो। १५ दिनमा १५ हजारभन्दा बढी मान्छेको ज्यान गएको र त्यसमा १० जना नेपालीले समेत बलिदानी दिनुपरेको उहाँले बताउनुभयो। आफू जन्मेको समयमा विश्वको जनसङ्ख्या करिब तीन अर्ब रहेको र अहिले सो जनसङ्ख्या आठ अर्ब पुगेको उहाँले बताउनुभयो । पूर्व राष्ट्रपति यादवले नेपालको जनसङ्ख्या तीन करोड हुँदा विगतभन्दा उत्पादन घटेकाले ८० प्रतिशत अन्न बाहिरबाट आयात भइरहेको बताउनुभयो । उत्पादन बढाउन नसके मुलुकमा समस्या पर्दै जाने उहाँको भनाइ छ । चुरेको संरक्षण नगरिए यस क्षेत्रमा पानीको साथसाथै अन्नको पनि सङ्कट आउनेभएकाले चुरिया संरक्षणका लागि तीनै तहका सरकारले ठोस कामकाज गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले यसका लागि चुरिया क्षेत्रमा बसोबास गर्ने आम नागरिकको भूमिका महत्त्वपूर्ण भएको चर्चा गर्नुभयो । कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाका अध्यक्ष राजनन्दन मण्डलले जनकपुरधाम युगौंयुगदेखि जपतप गर्ने स्थान भएको भन्दै यस प्रकारको यज्ञले मानवको कल्याण हुने बताउनुभयो । स्थानीय आयोजक समितिका अध्यक्ष प्रमोदकुमार रायको अध्यक्षतामा भएको सो कार्यक्रममा जनकपुरधाम उपमहानगर पालिकाका पूर्व नगर प्रमुख लालकिशोर साह, एमालेका नेता सन्तोष यादव, स्थानीय वडाध्यक्ष पुण्यप्रताप यादवसहितकाले बोल्नुभएको थियो ।

आजको PDF अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## कांग्रेसले मधेश सम्मेलन गर्दै

● सन्तोष सिंह



धनुषा । कांग्रेसले मधेश प्रदेश सम्मेलन गर्ने निर्णय गरेको छ । पुस ५ र ६ गते जनकपुरस्थित महेन्द्रनारायण निधि मिथिला संस्कृति केन्द्रमा सम्मेलन गर्ने निर्णय गरेको हो । कांग्रेसले मधेश सम्मेलन गर्दै कांग्रेस मधेश प्रदेशको पार्टी कार्यालयमा मंगलबार बसेको बैठकले प्रदेश सम्मेलनको प्रमुख अतिथिमा पार्टी सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवालाई आमन्त्रण गर्ने, मधेश प्रदेश सम्मेलन लाई भव्यताका साथ सम्पन्न गराउन उपसमितिहरू, कार्यसम्पादन समिति गठन गर्ने र मधेश प्रदेश सम्मेलनमा राजनीतिक सांगठनिक-आर्थिक एवं महामन्त्रीको प्रतिवेदन तयार गर्न मस्यौदा तयारी उपसमिति गठन गर्ने निर्णय गरेको छ । बैठकमा वडा तहदेखि जिल्लासम्म सम्मेलन गर्न बाँकी रहेको तहहरुलाई सम्मेलन सम्पन्न गर्न र प्रदेश सम्मेलन प्रतिनिधि छनोट गरी जानकारी गराउन परिपत्र गर्ने निर्णय गरिएको कांग्रेस मधेश प्रदेश सूचना, सञ्चार तथा प्रचार-प्रसार विभाग प्रमुख नितेशकुमार गुप्ताले बताए ।






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# गाँजाको विकल्प के ?

कुनै समय गाँजा लगाउने जिल्लाका रुपमा बारा र पर्सा बद्नाम थिए । गाँजाको पैसा सबैले खाने भए पनि दोष भने गाँजा उत्पादन गर्ने कृषकहरुले पाउने गर्दथे । त्यसो त आर्थिक रुपमा हेर्ने हो भने चैं गाँजा उत्पादनले यस क्षेत्रका नागरिकहरुलाई राम्रो कमाइ पनि भएको थियो । बिश्वका कयौं देशमा गाँजा उत्पादनमा प्रतिबन्ध नभए पनि नेपालमा भने यसको उत्पादन र बिक्री वितरण दुबैमा बन्देज छ । अझै केही त यही गाँजा बिक्री गरेको आरोपमा कारागारमा समेत छन् । केही वर्ष अगाडिदेखि बारा र पर्सामा गाँजाको उत्पादन हुन छाडेको थियो । कृषकहरु गाँजाको विकल्पतिर लागेका थिए । स्थानीय प्रशासनले कडाइ गरेपछि गाँजाको उत्पादनमा कृषकहरुको रुची घट्यो र उनीहरु विकल्पतिर लागे । तर, विकल्प खेतीको रुपमा कृषकले भने जस्तो चैं केही हुन सकेन । कृषकहरुले तरकारी उत्पादन गरे, भारतीय तरकारीको  निर्वाध आयतले गर्दा नेपाली किसानहरु कौडीको भाउमा तरकारी बिक्री गर्न बाध्य भएका थिए । किसानहरुले गँजाको सट्टामा उखु लगाए । तर चिनी मिलका मालिकहरुको मनोमानीले उनीहरुले पाकेको उखु समयमै बिक्री पाएनन । अलिअली बिक्री भएको उखुको भुक्तानी लिन पनि किसानलाई महाभारत नै पर्यो । उखु खेती त झन बारा र पर्साका किसानको लागि भालुको कन्पर्ट जस्तै साबित भयो । अहिले फेरि बारा र पर्साका केही स्थानमा गाँजा खेती भइरहेको कुरा बाहिर आएको छ । नेपालमा गाँजाको बिक्री वितरणमा सरकारले रोक लगाएको थाहा पाएर पनि कृषकहरु गाँजा रोप्न बाध्य छन् । कृषकलाई विकल्प नदिइकन केवल गाँजाको विरोध गर्नुको अर्थ छैन । त्यसैले बरु गाँजाको व्यवसायिक खेती  शुरु गर्नका लागि कानुन संशोधन गर्नेतर्फ सरकारले ध्यान दिने पो हो कि ?

टक नेपाल राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"
हरेक नेभेषका घटनाहरुको सुष्म अध्यन गरेर सत्यतथ्य सचाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ ।

# शेयर बजारको आम्दानीबाट कलेजको शुल्क तिर्दै विद्यार्थी

• टक नेपाल



नेपालगञ्ज । बाँकेका विभिन्न कलेजमा अध्ययन गर्ने विद्यार्थीले शेयर बजार बाट आम्दानी गरेर शुल्क तिर्न थालेका छन् । खासगरी कलेजको व्यस्थापन सङ्कायको स्नातक तहका विद्यार्थीले शेयरमा लगानी गरेर मनग्य आम्दानी गर्न थालेको उनीहरू बताउँछन् । "हामीले प्राथमिक बजार (आइपिओ) मा लगानी गर्न सिकेर दोस्रो (सेकेन्डरी) बजारमा पनि लगानी गरेका छौँ," नेपालगञ्जको अल्पाइन व्यवस्थापन कलेजका स्नातक तहका विद्यार्थी पारश तिमिल्सिनाले भन्नुभयो । उहाँले साथीहरू र गुरुको माध्यमबाट शेयर बजारको अध्ययन गरेर बजारको प्राथमिक र सेकेन्डरी बजारमा प्रवेश गरेको उल्लेख गर्दै आफू अहिले पनि नाफामा रहेको बताउनुभयो । "आवश्यक खर्च शेयर बजार बाट आएको छ", तिमिल्सिना भन्नुहुन्छ । रु एक हजार लगानी गरेर शेयर बजारको प्राथमिक बजारमा प्रवेश गर्नुभएका तिमिल्सिनाले घरबाट आउने खाजा खर्च, शुल्कको पैसा र प्राथमिक बजारबाट गरेको आम्दानीको स्रोतको सदुपयोग गरेर अहिले करिब रु दुई लाखको पोर्टफोलियो बनाएको जानकारी दिनुभयो । "हाम्रो कलेजका धेरै साथीले शेयर बजारमा लगानी गर्नुभएको छ त्यसमा पनि हाम्रो क्लासका २० प्रतिशत साथीले दोस्रो बजारमा पनि लगानी गर्नुभएको छ", तिमिल्सिनाले भन्नुभयो । तिमिल्सिना एक वर्षदेखि शेयर बजारको प्राथमिक र दोस्रो बजारको कारोबारी हुनुहुन्छ । अर्का लगानीकर्ता विकास भट्टर ाई विद्यार्थीकालदेखि शेयर बजार मा लगानी गरेर सफल व्यवसायी हुनुभएको छ । दश जोड दुईको अध्ययन गर्ददेखि नै शेयर बजारमा लगानी गर्नुभएका भट्टराईले शेयर बजारमा लगानी गर्न थालेको दश वर्ष बितेको छ । व्यवस्थापन सङ्कायमा अध्ययन गर्नुभएका उहाँले शेयर बजारको स्वअध्ययन र अङ्ग्रेजसँग सिकेर बजारमा छिरेको बताउनुभयो । "अहिले म शेयर बजारको शिक्षा प्रदान गर्ने ठाउँमा पुगेको छु", उहाँले भन्नुभयो । भरोसा म्यानेजमेन्ट कन्सल्टेसीका प्रमोटरसमेत रहनुभएका भट्टर ाई स्वअध्ययन गरेर मात्रै छनोट गरिएका कम्पनीमा लगानी गर्न सुझाव दिनुहुन्छ । "जति यसमा रिवार्ड छ, त्यति नै रिस्क पनि छ", उहाँ भन्नुहुन्छ । इम्पेरियल सेक्युरिटिज कम्पनी लि (४५) नं ब्रोकर कार्यालय नेपालगञ्जका प्रमुख उदय अधिकारीले व्यवस्थापन सङ्कायको स्नातकतहका अधिकांश विद्यार्थी शेयर बजार प्रति आकर्षित भएको जानकारी दिँदै उनीहरूले शेयर बजारबाट आएको आम्दानी कलेजको शुल्कलगायत काममा खर्च गरेको बताउनुभयो । विद्यार्थीले रु एक सयमा खरिद गरेको शेयर रु दुई सयमा बेचेर पनि नाफा सुरक्षित गरेको उल्लेख गर्दै अधिकारीले वैदेशिक रोजगारमा रहेका र केही गृहिणीले समेत बजारमा लगानी गरेको जानकारी दिनुभयो । "विद्यार्थीका लागि शेयर बजार आम्दानीको भरपर्दो स्रोत बनेको छ", अधिकारीले भन्नुभयो । शेयर बजारमा लगानी गर्न बाँकेबाहेक बर्दिया, सुर्खेत, जाजरकोट, रोल्पा, रुकुम, हुम्ला, जुम्ला, सल्यानलगायत जिल्लाबाट लगानीकर्ता नेपालगञ्ज आउने गरेका छन् । अधिकारीले शेयर बजार को प्राथमिक शेयर धेरै जारी भएकाले पैसा होल्ड भएर त्यसको प्रभाव बजारमा पनि परेको हुन सक्ने भन्दै अन्तर ाष्ट्रिय स्तरमा नेपालमा जस्तो आइपिओ जारी गर्ने प्रचलन नभएको बताउनुभयो । "बाहिर को बजारमा सबैले यहाँजस्तो आइपिओ हाल्ने चलन छैन र बोनस शेयरको चलन पनि छैन", उहाँले भन्नुभयो । अधिकारीले केही लगानीकर्ताले एकै दिन रु ५० लाखसम्म लगानी गरेको जानकारी दिँदै अहिले औसतमा दैनिक रु एक करोड ४५ लाखको शेयर कारोबार भएको बताउनुभयो । करिब ३५ हजार लगानीकर्ता भएको एम्पेरियलमा २७ हजार सक्रिय लगानीकर्ता भएको बताइएको छ । यसबाहेक कालिका सेक्युरिटिज प्रालिले पनि नेपालगञ्जमा शेयर कारोबार गर्दै आएको छ ।

Healthy Living Nepal Pvt. Ltd.
Bardibas Branch-1, Mahottari (Madhesh Pradesh)
बैजनाथ चौधरी
मो. ९८४४२५१७९९, ९७०३७७४७८४
हरेक प्रोडक्टमा बम्पर अफर !


जलेश्वर रोड, भोलाबसन्त चौक (पावन मिथिला होटलको अगाडी)


**धुम्रपान तथा सुर्तीजन्य पदार्थ प्रयोग गर्न छोडेमा हुने फाइदाहरु**

- हृदयाघातको जोखिम कम हुने
- क्यान्सरको जोखिम कम हुने
- मधुमेहको जोखिम कम हुने
- फोक्सो र श्वासप्रश्वास सम्बन्धी समस्या कम हुने
- मुख दाँत, गिजा स्वस्थ रहने
- उमेर नपुग्दै छाला चाउरी पर्ने सम्भावना कम हुने
- आँखाको दृष्टि कमजोर हुनबाट जोगिने
- श्रवण शक्ति कमजोर हुनेबाट जोगिने
- गर्भावस्थामा हुने जोखिम कम हुने

रामगोपालपुर नगरपालिकाको कार्यालय
रामगोपालपुर, महोत्तरी

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय ५५००५५ | | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम ५२०२११ | |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल ५५०४७७ | | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । | तुला | व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। |
| बृष | कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ। | वृश्चिक | साथीभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुनेछ। |
| मिथुन | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव देखापर्न सक्छ। | धनु | स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। |
| कर्कट | आम्दानीका विभिन्न स्रोत देखिए पनि लगानीतर्फ लागत बढ्ने समय छ। | मकर | नयाँ अवसरका साथै भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ। |
| सिंह | प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। | कुम्भ | हडबडीले काम बिग्रनेछ भने सानो गल्तीले काम दोहोर्याउनुपर्ला। |
| कन्या | मिहिनेतले पदीय जिम्मेवारी दिलाउनेछ। | मीन | सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# छुट्टाछुट्टै हत्याको घटनामा श्रीमान् र ससुरा पक्राउ




• टक नेपाल

जनकपुरधाम । सिरहा प्रहरीले छुट्टा छुट्टै दुई महिलाको हत्या घटनामा श्रीमान र ससुरालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सिरहा नगरपालिका - १५ सुखचैनाका ४० वर्षीय देवेन्द्र यादव र कल्याणपुर नगर पालिका ८ बडकी मझाउ टोलका ५१ वर्षीया रामअशिष दास रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। गत बिहीबार राति आफ्नै श्रीमती ३० वर्षीया संजिता कुमारी यादवको हत्या पश्चात फरार रहेका उनलाई शनिबार प्रहरी चौकी खिरौना, इलाका प्रहरी कार्यालय माडर र जिल्ला प्रहरी कार्यालयबाट खटिएको संयुक्त प्रहरी टोलीले माडर-खिरौना बोर्डर आसपासबाट यादवलाई पक्राउ गरिएको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक रविन्द्रराज पाण्डेले जानकारी दिए । गत बिहीबार यादवले आफ्नो श्रीमतीलाई मरणासन्न हुने गरी कुटपिट गरी उपचारको लागी भारतको जयनगर तर्फ लगेको भनी प्रहरीमा सूचना प्राप्त भएको थियो । प्रहरीले अनुसन्धान गर्दा संजितालाई सोही राति करिब १० बजेको समयमा घरमा रहेको ईट्टा तथा बाँसको भट्टाले कुटपिट गरी हत्या गरेर लाशलाई लिएर भारत तर्फ गएको खुलेको प्रवक्ता पाण्डेले जानकारी दिए। भारतीय प्रहरीसँग समन्वय गरी खोजतलास गर्ने क्रममा संजिताको शव आइतबार बिहान भारतको मधुबनी जिल्लाको सलरा भन्ने स्थानमा फेला परेको थियो । यस्तै, गत कार्तिक २७ गते साँझको समयमा कल्याणपुर ८ बड्की मझाउ स्थितमा बस्ने राजकिशोर दासको श्रीमती २७ वर्षीया संगिता कुमारी दासलाई घरायसी बादबिवादका कारण उनका ससुरा दासले छोरा मेला हेर्न गएको अवस्थामा धारिलो हतियार बन्चरोले संगिताको टाउकोमा प्रहार गर्दा घटना स्थलमै उनको मृत्यु भएको थियो। घटना पश्चात दास फरार थिए । दुबै घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# चार दशक पुरानो यादव निधि सम्बन्ध विच्छेद





• टक नेपाल

काठमाडौं । विगत चार दशक देखि एक अर्कासंग सहकार्य गर्दै राजनीतिक यात्रा गरेका नेपाली कांग्रेसका पूर्व उपसभापति विमलेन्द्र निधि र रामसरोज यादवबीचको राजनीतिक सम्बन्ध विच्छेद भएको छ । धनुषा निर्वाचन क्षेत्र नम्बर ३ मा ठेकेदार संजय गुप्ता र जीवनाथ चौधरीमध्ये कसलाई महासमिति सदस्य बनाउने विषयमा दुबै जनाबीच मतभिन्नता भएपछि उनीहरुको सम्बन्ध विच्छेद भएको छ । निधिले ठेकेदार गुप्तालाई महाधिवेशन प्रतिनिधिमा सर्वसम्मत गर्न थालेपछि यादवले ग्रासरुटका कार्यकर्तालाई सदस्य बनाउने अडान लिएपछि निधिले नगराइन नगर पालिकाका मेयर विनय यादवको घरमा बैठक बोलाएका थिए । यता यादवले बौहर्वामा बैठक गरेका थिए । २०७४ को प्रतिनिधिसभामा निधिले संजय साहलाई जेल मुक्त गराउन पहल थाले पछि चौधरी र निधिबीच दूरी बढेको थियो । निधि र चौधरीबीच सम्बन्ध प्रगाढ रहे पनि ती निर्वाचनमा निधिको हारले पनि दुबैको सम्बन्ध थप चिसिएको थियो । ०७४ को निर्वाचनमा तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा)का नेता राजेन्द्र महतोबाट पराजित भएका निधिले मधेश प्रदेशमा कांग्रेसले मुख्यमन्त्रीमा दाबी गर्ने अडान लिएका थिए तर नेपाली कांग्रेसका तत्कालीन संसदीय दलका नेता यादव चौधरीलाई लिएर भौतिक पूर्वाधार विकास मन्त्री बन्दा निधिसंग उनी दुबैको सम्बन्धमा थप दूरी उत्पन्न हुन पुग्यो । निधिमा देखिएको नातावाद र कृपावादको विरुद्धमा यादव र चौधरी दुबै लाग्दा निधिको सचिवालयले दुबैलाई निधिको बिरोधीका रुपमा प्रस्तुत गर्न थालेका छन् । निधि र यादव/चौधरीबीचमा दूरी ल्याउन सचिवालयको समेत महत्वपूर्ण योगदान रहेको कांग्रेसका विज्ञहरुको भनाइ छ । नेता निधिसंग स्थानीय कार्यकर्ताहरु नै नरहेको कांग्रेसीजनको भनाइ छ। धनुषा निर्वाचन क्षेत्र नम्बर ३ का अधिकांश नेता कार्यकर्ताहरु अन्य पार्टीमा गइसकेका छन् । बाँकी जो छन् उनीहरु पनि अत्यन्तै असन्तुष्ट रहेका कारण ती असन्तुष्टि सम्बोधन गर्न निधिलाई हम्मे हम्मे परेको छ। नेता निधिलाई काठमाण्डुमा गएर भेट्ने र उनको कुरामा सहमति जनाउनेहरुलाई मात्रै नेता मान्ने र ग्रासरुटका नेताहरुलाई बाइपास गरी आयातित नेताहरुलाई प्राथमिकता दिने समस्या रहेको ती क्षेत्रका नेताकार्यकर्ताको भनाइ छ । धनुषा निर्वाचन क्षेत्र नम्बर ३ मा ११ जना केन्द्रीय महासमिति सदस्यका लागि आयात नगरी स्थानीय ग्रासरुटका नेतालाई अवसर दिनुपर्ने यादव समर्थित नेता कार्यकर्ताहरुको माग छ भने नेता निधि भने ठेकेदार गुप्ताको नाम अगाडि सारेपछि विवाद बढेको थियो । अहिलेसम्म केन्द्रीय महासमिति सदस्यमा तीन जनाको नाम अगाडि आएको छ । रामबाबु यादव, जीवनाथ चौधरी र संजय गुप्ताको नाम अगाडि आएको छ । निर्वाचन समितिका अनुसार केन्द्रीय महासमितिमा ११ जनालाई चयन गरिने छ जसमा प्रत्यक्ष तर्फ दुई महिलासहित ७ जना र समानुपातिकतर्फ ४ जना रहने छन् । उनीहरुले बुधबार बिहान १० बजे देखि दिउँसो दुई बजेसम्म मनोनयन दर्ता गराउने, बुधबार नै अढाइ बजे प्रथम नामावली प्रकाशन गर्ने, तीन बजे मनोनयन पत्रमाथि दाबी बिरोध गर्ने र ४ बजे मनोनयन फिर्ता लिने समय निर्धारण गरेको छ । त्यस्तै ५ बजे उम्मेदवार को अन्तिम नामावली प्रकाशन गर्ने र १५ गते ९ बजे देखि ४ बजे सम्म मतदानको समय तोकिएको छ।

# सप्तरीमा दिउँसै बत्ती बालेर नेता ...

गत शनिबार सप्तरी युथ नेपालले आन्दोलन परिचालन समिति गठन गरि सप्ताहव्यपी आन्दोलनको कार्यक्रम घोषणा गरेको थियो। एक हप्ते आन्दोलनपछि पनि सरकार गम्भीर नभए बैठक बसेर पुनः दोश्रो चरणको सशक्त आन्दोलन घोषणा गर्ने सप्तरी युथका कार्यबाहक अध्यक्ष मोहन यादवले बताए। २०७५ सालमा नेपाल सरकारको मन्त्री परिषदको बैठकले प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो । २२ असार ०७८ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीले प्रतिष्ठानको भवन निर्माण कार्यको भर्चुअल माध्यमबाट शिलान्यास गरेका थिए। यद्यपी अहिलेसम्म डिपिआर निमार्ण बाहेक त्यहाँ केही काम भएको छैन् । उता स्थानीय बासिन्दाहरु सोही माग राखेर डेढ महिनादेखि रिले अनसनमा बस्दा समेत सरकार भने बेखबर जस्तै देखिएको छ ।

प्रो. सुरेश चौधरी
मो. ९८५११०९९१९, ९८०६८००९१९
श्री गणेश ईन्जिनियरिङ्ग ममर्त केन्द्र
बर्दिवास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)

यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, व्यालडिङ्गर क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।


सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)


हाम्रो सेवाहरू
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
044-550527/9801050527/9801150527

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्झनुहोस् ।

सुशिल ढकाल
044-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

# मधेश प्रदेशको शैक्षिक सुधारमा महत्वपूर्ण काम भएको छ : शिक्षामन्त्री



● टक नेपाल

राजविराज । मधेस प्रदेशका शिक्षा मन्त्री महेश प्रसाद यादवले यस प्रदेशको शैक्षिक सुधारका लागि विभिन्न जिल्लाहरूमा महत्त्वपूर्ण काम भएको बताएका छन् । सप्तरीको बोदे बर्साईन नगरपालिका वडा नम्बर ८ काचनमा रहेको श्री राजाजी जनता माध्यमिक विद्यालय काचनको ६५ औं बार्षिको त्सवको अवसरमा बुधबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । सवै क्षेत्रको विकासको लागि शैक्षिक क्षेत्र महत्वपुर्ण पाठ भएको उल्लेख गर्दै मन्त्री यादवले शैक्षिक सुधारका लागि मधेस प्रदेशका विभिन्न जिल्लामा महत्वपुर्ण काम भएको दाबी गरे । शिक्षा क्षेत्रको चौतर्फी विकासका लागि सरोकार वालासंग सहकार्य गर्नको लागि आफुहरु निरन्तर लागि परेको उल्लेख गर्दै मन्त्री यादवले विद्यालयहरुमा गुणस्तरीय शिक्षाका लागि सबैको सहयोग हुनुपर्नेमा जोड दिए । काचन गाउँमा रहेको यो बिधालयले विधार्थी गाउँमा लगेर पठनपाठन गराउन सफल भएको बताउदै उनले विद्यालयको आबश्यक विकासमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । विद्यालयका प्रधानाध्यापक सत्य नारायण यादवले आगामी दिनहरुमा भावी योजना तथा रणनीति प्रस्तुत गर्दै विद्यालयलाई नगरपालिकाकै एक नमुना विद्यालयको रुपमा स्थापित गर्ने बताए । उक्त अवसरमा शैक्षिक सत्र २०८० मा कक्षागत रुपमा र विद्यालयबाट प्रथम, दृतीय र तृतीय स्थान हासिल गर्ने छात्रछात्रालाई पुरस्कार र प्रमाण पत्र वितरण गरिएको थियो। कार्यक्रममा प्राज्ञ नेपाल प्रतिष्ठान सदस्य डा .सुर्य नारायण यादव, नगर शिक्षा अधिकृत राम सागर यादव, वडा अध्यक्ष बैधनाथ चौधरी , लगायतको उपस्थिति रहेको थियो । बिधालय व्यवस्थापन समितिका अध्यक्ष लाल बहादुर यादवको अध्यक्षतामा आयोजित कार्यक्रमको संचालन शिक्षक राम चलित्र चौधरीले गरेका थिए ।

# सप्तरीमा दिउँसै बत्ती बालेर नेता तथा साँसदको खोजी

● टक नेपाल

राजविराज । सप्तरी युथ नेपालले राजविराजमा बुधबार दिउँसै बत्ती बालेर नेता तथा साँसदको खोजी गरेको छ । राजविराज १० स्थित रामराजाप्रसाद सिंह स्वास्थ्य बिज्ञान प्रतिष्ठान निर्माणको माग गर्दै डेढ महिनादेखि स्थानीयबासी रिले अनशनमा बस्दा समेत नेता र साँसदहरुले चासो नदिएको भन्दै बत्ती बालेर उनीहरुको खोजी गरेको हो । प्रतिष्ठान निर्माणको काम अबिलम्ब सुचारू गर्न माग गर्दै सप्तरी युथले पुर्व निर्धारित आन्दोलनको कार्यक्रम अनुसार उनीहरूले दिउँसै टर्च बालेर प्रदर्शन गरेका हुन् । प्रदर्शनपछि आयोजित कोणसभालाई सम्बोधन गर्दै बक्ताहरुले प्रतिष्ठान निर्माणको लागि अवाज उठाउन केन्द्रीय नेता तथा सांसदको खोजी गरिरहेको बताए । उनीहरुले स्वास्थ्य मन्त्रालयमा रोकिएको प्रतिष्ठानको फाइललाई अगाडि बढाउन जोडदार माग गरे । यस विषयमा सरकार गम्भीर नभए यसबाट सम्पुर्ण सप्तरीबासीले नै दुःख पाउने भएको भन्दै बक्ताहरुले सप्तरीबाट निर्वाचित सांसदहरुलाई एक भएर यसमा लाग्न आग्रह गरे । निर्धारित कार्यक्रम अनुसार भोलि जिल्ला प्रशासन कार्यालयको अगाडि १ घण्टा धर्ना दिने कार्यक्रम रहेको आन्दोलन परिचालन समितिको संयोजक सत्येन्द्र यादवले बताए । उनले धर्नामा सहभागी हुन सम्पुर्ण सप्तरी बासीलाई आग्रह समेत गरे ।

»» बाँकी पृष्ठ ३ मा

Regd. No: 1051/
SWC Affiliation no: 51906

सम्भव possible

**Vacancy Announcement**

**Research Outcome Assessors**

POSITION DESCRIPTION

Possible, a non-governmental organization registered in Nepal, engages in rigorous and collaborative research and innovation to address evidence, implementation, and policy gaps in the equity, quality and accessibility of healthcare. We are seeking **Research Outcome Assessors (ROAs)** to support a type II hybrid implementation effectiveness study of BECOME (BEhavioral Community-based COmbined Intervention for MEntal Health and Noncommunicable Diseases) behavioral intervention.

**Reports to:** Research Coordinator
**Works collaboratively with:** Bardibas Municipality
**Location and number of positions:** The study will take place in Bardibas Municipality, and we are looking for 10 ROAs.
**Duration**: Annual contract subject to renewal
**Nature of engagement:** Part-time (50% FTE)- ROAs will primarily work during morning hours as per the trial protocol.

**Big Three Responsibilities:**

The ROAs will be responsible for the following duties but not limited to:

- Recruit participants, administer baseline and follow up assessments to measure research outcomes in accordance with the trial protocol
- Contribute in regular data validation and quality assurance process
- Support in coordination and documentation including recording, referring and following up any untoward/adverse events in the study

Please see the details of the responsibilities
https://drive.google.com/uc?export=download&id=1zSDmSAsgdicInxSq19YO5J1YV4xqz7Ly

MUST HAVES:

- Flexibility regarding travel within the study sites, and willing to work in the morning hours as per the trial protocol;
- Experience of working in data collection as enumerator/interviewer using RedCap/Kobo/CommCare or other digital data collection platform
- Qualification: Proficiency Certificate level in Nursing/Health Assistants. Preference will be given to those studying Bachelors in Public Health/Nursing/Psychology and are available to work part-time.
- Fluency in written and spoken Nepali and/or **Maithili** (Preference will be given to local residents of study site)

APPLICATION PROCESS:
If you are interested to apply for this position, please email your CV and Cover Letter to **recruitment@possiblehealth.org**. ***When applying please include name and position in the subject line and please specify the location (Bardibas) that you have applied for in the Cover Letter.*** Applications will be accepted until **6th December 2023**.

Naxal-01, Kathmandu, Nepal ■ www.possiblehealth.org ■ 9822999300 ■ e:answers@possiblehealth.org

## घर भाडा सम्बन्धी सूचना

महोत्तरीको बर्दिवास नगरपालिका वडा नं. १ अर्थात जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीको अगाडि रहेको भवन खालि भएको हुदाँ भाडामा लिन चाहनु हुने व्यक्ति वा कुनै पनि संघ संस्थाले विस्तृत जानकारी एवं उक्त स्थान अवलो कनको लागि तपशिल बमोजिमका ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

घरधनीको नाम : एम प्रसाद दहाल
ठेगाना : बर्दिवास नगरपालिका वडा नं. १
मो. ९८५४०२४०२४

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com